आज मिति २०८१ साल मङ्सिर १२ गते बुधबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ४९ औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | नि. प्र. प्र. अ. | लोकेन्द्र बहादुर बिष्ट | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |

## २०८१।०८।१२ गतेको नगर कार्यपालिकाको ४९^औं^ बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. मिति२०८१/०७/२७ गतेको कार्यपालिकाको ४८^औं^ बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुको विदाई सम्बन्धमा ।
३. मण्डनदेउपुर नगरपालिका वडा नं. ५ र ६ मा रहेको ढाडखोला थारखोला नदीको नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धि स्थलगत अनुगमन प्रतिवेदन सम्बन्धमा।
४. पशु सेवा शाखा अन्तर्गत कार्यन्वयन हुने प्रदेश ससर्त अन्तर्गतका कार्यक्रमहरु संचालन सम्बन्धमा ।
५. किसान सूचिकरण कार्यक्रम संचालन सम्बन्धमा ।
६. ईन्द्रावती नदि सिमाङ्कन कार्यदल गठन सम्बन्धमा ।
७. जापानको फुजिनोमियो नगरपालिका र यस मण्डनदेउपुर नगरपालिका विच कायम गर्न लागिएको भगिनी सम्बन्धको लागि जापान जाने टोली छनोट सम्बन्धमा ।
८. विविध ।

### निर्णयहरु

निर्णय नं. १

नगर कार्यपालिकाको मिति २०८१/०७/२७ गते बसेको ४८ औं बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

निर्णय नं. २

६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदेश सरकारले उपलब्ध गराएको रकमका अतिरिक्त सोही बराबरको रकम नगरपालिकाले थप गरेर हुन आउने रकम सहित स-सम्मान विदाई गर्ने तथा कार्यरत अवस्थामा नै मृत्यू भएका ३ जना स्वयम सेविकाहरुलाई मृत्यूपर्यन्त सम्मान गर्ने निर्णय गरियो। साथै, महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमबाट भुक्तानी हुने गरी अध्ययन अवलोकन भ्रमणमा पठाउने निर्णय गरियो।

निर्णय नं. ३

मण्डनदेउपुर नगरपालिका वडा नं. ५ र ६ मा रहेको ढाडखोला थारखोला नदीको नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धि स्थलगत अनुगमन गरी पेश भएको प्रतिवेदन उपर छलफल गरियो। प्रतिवेदन उपर छलफल गर्दा नदि क्षेत्रबाट उत्खनन् र संकलन सम्बन्धि कार्य गर्दा तोकिएको IEE प्रतिवेदन तथा नगरपालिका र निर्माण व्यवसायी विच भएको सम्झौतामा उल्लेखित शर्तनामाहरु पूर्णरुपमा पालना भएको नदेखिएकोले पहिलो पटकको लागि

तोक बहादुर वाईबा

सतर्क वनाई अव उप्रान्त तोकिएको IEE प्रतिवेदन र सम्झौतामा भएका शर्तनामाको पुर्णरुपमा पालना गर्न निर्देशन दिने । अन्यथा सम्झौतामा तोकिए बमोजिम कार्वाहीका लागि कानूनी प्रकृया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ४

पशु सेवा शाखा मार्फत कार्यान्वयन हुने प्रदेश सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु तपसिल बमोजिम संचालन गर्ने निर्णय गरियो ।

क) उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रमा नगरपालिकामा दर्ता/सूचिकृत र वार्षिक रुपमा निरन्तर नंविकरण भई संचालनमा रहेका सहकारी तथा कृषि फर्महरु मार्फत प्रदेश सरकारद्वारा निर्धारण गरिएको कार्यविधि बमोजिम मापदण्ड निर्माण गरि सूचना प्रकाशन गर्ने र अनुदान रकम वितरण गर्ने,

ख) पशु सेवा शाखा अन्तर्गत कार्यन्वयन हुने प्रदेश ससर्त अनुदान अन्तर्गतका अन्य कार्यक्रमहरु ५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गर्ने ।

ग) मण्डनदेउपुर नगरपालिका वडा नं. ११ मा सञ्चालित पशुपालन फर्मलाई नमुना पशुपालन फर्मको रुपमा विकास गरी सञ्चालन गर्ने ।

निर्णय नं. ५

आ.व. २०८१/८२ मा संघीय र प्रदेश अनुदान अन्तर्गत प्रास किसान सूचिकरण कार्यक्रम सञ्चालनका लागि पहिलो चरणमा यस नगरपालिकाको वडा नं. ७, ८ र ९ छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

ईन्द्रावती नदि सिमाङ्कनका लागि नगर प्रवक्ता श्री पुरुषोत्तम बजगाँईको संयोजकत्वमा देहाय बमोजिम एक कार्यदल गठन गरी तपसिल बमोजिमको कार्यविवरण दिने निर्णय गरियो ।

क. संयोजक- श्री, पुरुषोत्तम बजगाईं, नगर प्रवक्ता
ख. सदस्य- श्री सौम प्रसाद ढकाल, ६ नं. वडा अध्यक्ष
ग. सदस्य- श्री विष्णुप्रसाद पौडेल, ७ नं. वडा अध्यक्ष
घ. सदस्य- श्री सिताराम श्रेष्ठ, ९ नं. वडा अध्यक्ष
ङ. सदस्य- श्री कुमार तामाङ, १० नं. वडा अध्यक्ष
च. सदस्य- श्री राजकुमार पराजुली, १२ नं. वडा अध्यक्ष

टीक बहादुर थाईबा
नगर प्रमुख

तपसिल

कार्यविवरणहरु

- ईन्द्रावती सिमाङ्कनका लागि विगतमा दुई जिल्ला तथा पालिकाहरु विच भएको बैठकका निर्णय तथा सहमतिहरु पालना गर्न पहल गर्ने ।
- व्यक्तिको नाममा रहेका खेतियोग्य जग्गा जमिन वा आवास संरक्षण गर्ने बाहेक अन्य वरीपरी दुवै पालिकाको सहमति विना भौतिक संरचना, वाल निर्माण गर्न रोक लगाउन सहजीकरण गर्ने ।
- नदि जन्य पदार्थ उत्खनन् गर्दा प्रदेश सरकारको मापदण्ड र वातावरणीय अध्ययन प्रतिवेदन (IEE) विपरित कार्य दुवै पालिकाबाट नगराउन पहल तथा सहजिकरण गर्ने
- नदि क्षेत्रमा कुनै सामाजिक कार्य अस्थायी स्थाई रुपमा गर्नुपरेमा (नदिमा ह्यूम पाईप राख्ने, पुल बनाउने) दुबै पालिकाको सहमतीमा गर्न पहल गर्ने ।

निर्णय नं. ७

जापानको फुजिनोमिया नगरपालिका र मण्डनदेउपुर नगरपालिका बिच भगिनी सम्बन्ध स्थापना गर्ने उद्देश्यले भईरहेको प्रयासलाई थप छलफल गर्न फुजिनोमिया नगरपालिकाको निमन्त्रणामा उक्त नगरपालिका भ्रमणका लागि यस नगरपालिकाबाट देहायका पदाधिकारीहरुलाई छनौट गर्ने निर्णय गरियो।

तपसिल

क) नगर प्रमुख श्री टोक वहादुर वाइबा

ख) नगर उप-प्रमुख श्री विष्णुमणि नेपाल

ग) मैते सिं तामाङ, वडा अध्यक्ष, वडा नं. ४

घ) सोम प्रसाद ढकाल, वडा अध्यक्ष, वडा नं. ४

ङ) श्री निञ्जन विष्ट, वडा अध्यक्ष, वडा नं. ४

च) लेखा अधिकृत पुष्पराज बजगाईं

छ) अधिकृतस्तर सातौं कासीनाथ नेपाल

ज) ईन्जिनियर श्री विक्रम थापा

झ) सि.अ.हे.व श्री दिपक घिमिरे

निर्णय नं. ८ विविध

क) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान वडास्तरीय रुपमा संचालन गर्ने निर्णय गरियो।

ख) वैकल्पिक उर्जा प्रवर्द्धन विकास केन्द्र मार्फत अनुदानमा वितरण हुने ईन्डक्सन चुलो यस नगरपालिकाका नगरवासीहरुमा वितरणका लागि नगरपालिकाको आवश्यक पर्ने साझेदारी नगरपालिका २० प्रतिशत र उपभोक्ताहरुले १० प्रतिशत रकम व्यवस्थापनमा

सहजिकरण गर्ने प्रतिवद्धता सहित सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो। साथै, वैकल्पिक उर्जा वितरणमा तपसिल बमोजिम प्राथमिकता तय गर्ने निर्णय गरियो

तपसिल

- अपाङ्गता भएका व्यक्ति
- ज्येष्ठ नागरिक
- एकल महिला
- भुमिहिन
- दलित लगायतका लक्षित बर्ग

ग) नगर स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता निर्धारित समयमानै संचालन गर्न तपसिल बमोजिम मुल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक- श्री निञ्जन विष्ट, सामाजिक विकास समिति संयोजक

सदस्य- श्री पूरुषोत्तम बजगाईं, नगर प्रवक्ता

सदस्य- श्री मैते सिं तामाङ, वडा अध्यक्ष, वडा नं. ४

सदस्य- श्री विकास कुमार राई, कार्यपालिका सदस्य

सदस्य- श्री शिव कुमार पौडेल, प्र.अ. प्रतिनिधि

सदस्य-सचिव श्री लोकेन्द्र बहादुर बिष्ट, शिक्षा शाखा प्रमुख

घ) बालुवापाटी माध्यमिक विद्यालय, मदेनपा-२ बालुवापाटीमा विद्यालय व्यवस्थापन समितिबाट छनौट गरिएको स्थानमा नै सभाहल निर्माणमा गर्न अनुमति दिने तथा उक्त निर्माण स्थलमा रहेको ट्रस भत्काउदा प्राप्त हुने निर्माण सामग्री लिलाम विक्री गरी विद्यालयको हित मा नै प्रयोग गर्ने गरि निर्माण स्थल व्यवस्थापन गर्न विद्यालयलाई अनुमती दिने निर्णय गरियो।

ङ) मण्डनदेउपुर नगर अस्पलातको नगर अस्पताल व्यवस्थापन समितिले नियमित र निरन्तर रुपमा अनुगमन गर्ने र अनुगमनका क्रममा देखिएका भौतिक मर्मत संभार तथा प्रशासनिक व्यवस्थापन नगरपालिका मार्फत गर्ने गरी यथाशिघ्र व्यवस्था मिलाउने निर्णय गरियो।

च) मिति २०८१/०७/२७ गतेको बैठकले सोते ईन्द्रावती नदिमा अस्थाई ह्यूम पाईप राख्न रोक लगाएको मा आ.व. २०८१/०८२ का लागि ह्युम पाईप राख्न अनुमति दिने निर्णय गरियो

टोक बहादुर वाईबा
नगर प्रमुख

छ) यस आ.व. २०८१/०८२ मा स्वच्छेच्छिक अवकाश लिएका र स्वच्छेच्छिक अवकाश लिन चाहने शिक्षकहरुको सम्बन्धमा तपसिल बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउने गरी १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स | अनिवार्य अवकाश अवधिको मापदण्ड | स्वच्छेच्छिक अवकाश प्रोत्साहन रकम |
|---|---|---|
| १ | ५० बर्ष उमेर पुरा भई २० बर्ष सेवा अवधि पुरा गरी कम्तिमा १ वर्ष सेवा अवधि बाँकी भएको | १ लाख |
| २ | ५० बर्ष उमेर पुरा भई २० बर्ष सेवा अवधि पुरा गरी १-३ वर्ष सेवा अवधि बाँकी भएको | १ लाख ५० हजार |
| ३ | ५० बर्ष उमेर पुरा भई २० बर्ष सेवा अवधि पुरा गरी ३ वर्ष भन्दा बढी सेवा अवधि बाँकी भएको | २ लाख |